# फाल्गुनन्द गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
फाक्तेप, पाँचथर

कोशी प्रदेश, नेपाल

फोन
अध्यक्ष ९८४२६६१२६०
उपाध्यक्ष ९८५२६८१३७२
प्रप्रअ ९८५२६८४३८४


प. सं. २०८०/०८१
च. नं.

मितिः २०८०/०५/२२

विषयः- प्रगती प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
फाल्गुनन्द गाउँपालिका
फाक्तेप, पाँचथर

प्रस्तुत विषयमा यस कार्यालय र वैदेशिकर रोजगार वोर्डको सचिवालय विच मिति २०७९/१२/२४ गते वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम संचालनको लागि सम्झौता गरी सम्झौता वमोजिमको सम्पूर्ण कृयाकलापहरु सम्पन्न गरी निर्देशिकाको अनुसूची-२ दफा १३ र दफा २० को खण्ड (ज) सँग सम्बन्धित प्रगती प्रतिवेदनको ढाँचामा यस कार्यालयबाट कार्य सम्पन्न प्रगती प्रतिवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

..........................
विचारसिंह लावती
(रोजगार संयोजक)


E-mail:info@phalgunandamun.gov.np/ito.phalgunandamun@gmail.com

## अनुसूची-२

(दफा १३ र दफा २० को खण्ड (ज) सँग सम्बन्धित)

**प्रगती प्रतिवेदन ढाँचा**

१. कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तह/संस्था/निकायको नामः फाल्गुनन्द गाउँपालिका फाक्तेप, पाँचथर कोशी प्रदेश, नेपाल ।

२. कार्यक्रमको नामः वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम (उद्यमशीलता प्रवर्द्धन हुने कार्यक्रम)

३. प्रगती प्रतिवेदनको अवधिः २०७९/१२/२४ देखि २०८०/०३/२५

४. लाभग्राहीको संख्याः ४० जना

५. लाभग्राही परिवारको संख्याः १६० जना

६. वित्तिय प्रगतिः

| क्र. स. | कार्यक्रम | स्वीकृत लागत | खर्च भएको रकम | वित्तिय प्रगती प्रतिशत |
|---|---|---|---|---|
| १. | पुनःएकीकरण कार्यक्रममा सहभागीलाई प्रविधी सहयोग | ७१२,५०० | ७१२,५०० | १००% |
| २. | वडा स्तरीय अभिमुखिकरण कार्यक्रम | ९५,४८० | ९५,४८० | १००% |
| ३. | तालिम प्रशिक्षक पारिश्रमिक | १६८,००० | १६८,००० | १००% |
| ४. | तालिम सामग्री /स्टेशनरी विविध खरिद | ५०५,३२० | ५०५,३२० | १००% |
| ५. | सहभागी खाना/खाजा तथा आवास खर्च | २३८,७०० | २३८,७०० | १००% |
| | जम्मा रकम रु. | १७,२०,०००।०० | १७,२०,०००।०० | १००% |

फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फाक्तेप, पाँचथर कोशी प्रदेश, नेपाल २०७४

**तालिममा सहभागीहरुको विवरणः**

| क्र. स. | तालिमको नाम | सहभागीको संख्या | कैफियत |
|---|---|---|---|
| १. | कृषि पशुपालन | १९ जना | |
| २. | प्लम्बर तालिम संचालन खर्च | ९ जना | |
| ३. | हाउस वायरिङ तालिम सञ्चालन खर्च | ७ जना | |
| ४. | मोटरसाईकल मर्मत तालिम सञ्चालन खर्च | ५ जना | |
| | जम्मा | ४० जना | |

७. **सामाजिक आर्थिक प्रगतिः** फाल्गुनन्द गाउँपालिकामा पहिलोपलट वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम सम्पन्न भएको छ । यस कार्यक्रममा सहभागी लाई यस गाउँपालिकाको ७ वटै वडाबाट अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी सहभागीको टुङ्गो लगाए पश्चात तालिममा सहभागी गराईएको थियो । तालिम छनौटकै क्रममा सहभागीले सीपमूलक तालिम लिए पश्चात व्यवसाय सञ्चालन गर्ने या रोजगारीमा आवद्ध हुने प्रतिवद्धता पश्चात यस तालिमले सहभागीहरुको सामाजिक तथा आर्थिक प्रगती हुने अपेक्षा गरिएको छ । व्यवसाय संचालन एवं रोजगारीमा आवद्ध भए पछि सामाजिक प्रतिष्ठामा वृद्धि हुनुका साथै निजको आम्दानीमा वृद्धि भएपछी आर्थिक प्रगती हुने देखिन्छ । साथै प्रविधी सहयोगको लागि सहभागीको अपेक्षा अनुरुप कार्यक्रमले उच्च मूल्य पर्ने प्रविधी उपलब्ध गराउन नसक्नु चुनौती रहेको थियो ।

८. **कार्यक्रम कार्यान्वियनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासः**

| क्र. स. | कार्यक्रम | देखिएका समस्या | समाधानका लागि अपनाईएका उपायहरु | सुझावहरु |
|---|---|---|---|---|
| १. | पुनः एकीकरण कार्यक्रममा (कृषि पशुपालनमा) सहभागीलाई प्रविधी सहयोग तथा तालिम सञ्चालन खर्च | लामो समयावधिको तालिम सञ्चालन गर्न सहभागीको पर्याप्त समय नहुनु | न्यूनतम समयावधिको तालिम सञ्चालन गरिएको | आगामी आ. व. देखि समयमानै कार्यक्रम लागु गरी सञ्चालन गर्नु उत्तम हुनेछ । |
| २. | प्लम्बर तालिम संचालन खर्च | पर्याप्त मात्रामा प्रशिक्षक नपाउनु | CTEVT सँग समन्वय गरी | • |

फाल्गुनन्द गाउँपालिका गाउँपालिकाको कार्यालय फाक्तेप, पाँचथर कोशी प्रदेश, नेपाल २०७३

| | | | | |
|---|---|---|---|---|
| | | | तालिम सञ्चालन गरिएको | |
| ३. | हाउस वायरिङ तालिम सञ्चालन खर्च | | CTEVT सँग समन्वय गरी तालिम सञ्चालन गरिएको | |
| ४. | मोटरसाईकल मर्मत तालिम सञ्चालन खर्च | | CTEVT सँग समन्वय गरी तालिम सञ्चालन गरिएको | |

**९. भविष्यमा सञ्चालन गर्न सकिने कार्यक्रमको विवरणः**

वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम अन्तर्गत यस कार्यक्रम मार्फत श्रम वजारमा प्रवेश गर्ने युवाहरु सीप तथा सोको प्रमाणीकरणको अभावमा बेरोजगार वा अर्धरोजगार हुनुका साथै अत्यन्त न्यून पारिश्रमिकमा काम गर्न बाध्य छन् । औपचारिक वा अनौपचारिक रुपमा शिक्षा तथा तालिम पाएका तथा कामको अनुभवबाट सीप प्राप्त गरेका युवाहरुलाई मान्यता प्राप्त प्रमाणपत्रको साथै श्रम वजारमा रोजगारीको वृहत अवसर सिर्जना गर्नका लागि सिमान्तकृत वर्ग, महिला तथा युवाहरुको रोजगारी वा स्वरोजगारको अवसरमा पहुँच वढाउँदै आयमा वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउँदै गरिवी निवारण र समावेशी समाजको विकासमा टेवा पुर्याउन यस कार्यक्रमले महत्वपूर्ण योगदान पुर्याउनेछ । कार्यक्रम मार्फत विशेषगरि सामाजिक विभेदमा परेका समुदाय तथा महिलाहरु, रोजगारीको खोजिमा रहेका, विदेशबाट फर्केका, अनौपचारिक क्षेत्रका कामदारहरु तथा सिक्न चाहने व्यक्तिहरुलाई प्राथमिकतामा राखी यस कार्यक्रमलाई निरन्तरता दिन आवश्यक रहेको छ ।

धन्यवाद ।